नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

केसरमहल, काठमाडौं।

## दरभाउपत्र प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०४।०८)

१. केसरमहल परिसर भित्र सार्वजनिक खरिद अनुगमन कार्यालय र केसर पुस्तकालयका कर्मचारी तथा सेवाग्राहीहरुका लागि चमेना गृह (क्यान्टिन) संचालन गर्न दरभाउपत्र प्रस्ताव आव्हान गरी यो सूचना प्रकाशन गरिएको छ।

२. दरभाउपत्र प्रस्ताव फाराम दस्तुर, खरिद गर्ने, पेश गर्ने अन्तिम मिति र खोल्ने मिति तथा स्थानः

| फाराम दस्तुर (फिर्ता नहुने) | खरिद गर्ने अन्तिम मिति, समय र स्थान | पेश गर्ने अन्तिम मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|
| रु. १,०००/- (अक्षेरुपी एक हजार मात्र) | २०८१।०४।२२ गते दिनको १७:०० बजे, सार्वजनिक खरिद अनुगमन कार्यालय | २०८१।०४।२३ गते दिनको १२:०० बजे, सार्वजनिक खरिद अनुगमन कार्यालय | २०८१।०४।२३ गते दिनको १३:०० बजे, सार्वजनिक खरिद अनुगमन कार्यालय |

(फाराम दस्तुर राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३०१०२३५०१, कार्यालयको नामः सार्वजनिक खरिद अनुगमन कार्यालयमा जम्मा गर्नुपर्नेछ।)

३. दरभाउपत्र प्रस्ताव फारामसाथ दरभाउपत्र जमानत स्वरुप रु. ३०,०००।- (अक्षरुपी तीस हजार रुपैयाँ मात्र) को दरभाउपत्र खोल्ने दिनदेखि कम्तिमा ४५ दिन मान्य अवधी भएको बैंक जमानत वा यस कार्यालयको धरौटी खाता मा रकम जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र प्रस्ताव खरिद गर्ने, पेश गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र जमानतको मान्य अवधी सुरुकै अवधि कायम गरिनेछ।

५. एक मात्र दरभाउपत्र प्रस्ताव पेश भई स्वीकृतिको लागि योग्य भएमा एक मात्र दरभाउपत्र प्रस्ताव परेको कारण दरभाउपत्र स्वीकृत गर्न बाधा पर्ने छैन।

६. कारण जनाई या नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

७. चमेनागृहबाट हुने कारोबार रकम एकिन नभएको हुँदा दरभाउपत्र फाराम खरिद/पेश गर्नुभन्दा पहिले यस कार्यालय, श्री केसर पुस्तकालय साथै कार्यालय परिसर निरीक्षण गर्नुहुन यस कार्यालय अनुरोध गर्दछ।